# आर्थिक वर्ष २०८२/०८३
# नीति तथा कार्यक्रम

कुम्मायक गाउँपालिका, पाँचथर

## कुम्मायक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, पाँचथर, यासोक
## कोशी प्रदेश, नेपाल

**मिति: २०८२/०३/१०**

## कुम्मायक गाउँकार्यपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम।

कुम्मायक गाउँपालिकाका उपाध्क्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु, पत्रकार, कर्मचारीहरु एवं सम्पूर्ण गाउँवासी महानुभावहरुमा १८ औं गाउँसभामा नीति तथा कार्यक्रमको प्रस्तुतीको सन्दर्भमा मेरो व्यक्तिगत एवं गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहान्छु।

सर्वप्रथम राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र ,लोकतन्त्र ,गणतन्त्र तथा संघीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने संकल्पमा सहिद भएका वलिदान पुर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्दछु। विपदमा परि प्राण त्याग गर्नुहुने कुम्मायक गाउँपालिका बासिहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र लोकतन्त्र प्राप्तिको अभियानमा सवल नेतृत्व गर्नुहुने अग्रज राजनीतिक व्यक्तित्वहरु प्रति उच्च सम्मान प्रकट गर्दै वहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

**गाउँसभा सदस्य ज्युहरु**

लोकतान्त्रिक शासन पद्धतिमा जनता नै सर्वोच्च अङ्ग भएको हुँदा शासन प्रक्रियामा जनतालाई सहभागी गराई जनताकै शासन स्थापित भई स्थानीय सरकार गठन भएको नौं वर्षको समय अवधिमा सक्षम र सवल गाउँपालिका बनाई गाउँ क्षेत्रको विकास गर्नको लागि सिमित श्रोत र साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित र समावेशी ढङ्गले गाउँबासी समक्ष पुऱ्याउने काममा हामी जनप्रतिनिधिहरु, राजनीतिक दल, नागरिक समाज, सरोकारवाला र गाउँवासीहरुको उल्लेखनीय साथ सहयोग, सदभाव र सहकार्यले विकास प्रक्रियालाई संस्थागत गर्न हामी सधैं लागिपरेका छौं।

**गाउँसभा सदस्य ज्युहरु**

संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारी संघ संस्थाहरुबाट यस गाउँपालिकालाई प्राप्तहुने सबै प्रकारका अनुदानहरु तथा आन्तरिक श्रोत र साधनको उचित परिचालन तथा व्यवस्थापन गरी आदिवासी, जनजाती, दलित, आर्थिक तथा सामाजिकरुपले पछाडी परेका बर्ग, अपाङ्ग, महिला, बालबालिका, जेष्ठ नागरिक लगायत समस्त गाउँबासीहरुको सहभागिता अभिवृद्धि गर्दै सन्तुलित गुणस्तरयूक्त विकास जनमुखी, जवाफदेही, मितव्ययी एवम पारदर्शी सेवा प्रदान गर्न यो गाउँपालिका आज पनि सङ्कल्पित छ।

बम प्रसाद लावती
अध्यक्ष

गाउँसभा सदस्य ज्युहरु

कुम्मायक गाँउपालिकाले दिगो श्रोतको व्यवस्थापन तथा नयाँ श्रोतको पहिचान र प्रवर्द्धन गरी राजश्व परिचालनमा जनसहभागिताको अभिवृद्धि गरी कर संकलनमा जवाफदेहिता कायम गर्दै संरचनागत सुधार एवं उत्कृष्ठ करदातालाई सम्मान गर्नु पर्ने देखिन्छ।

गाउँसभा सदस्य ज्युहरु

यस गाउँपालिकाले सिमित मानव संशाधन, आर्थिक, भौतिक साधन श्रोतको उचित परिचालन गरी पारदर्शी, जनसहभागितामुलक, आर्थिक विकास, गरीवि निवारण र बसाईंसराई न्यूनिकरणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक छिटो प्रतिफल प्राप्त हुने मानव र वन्यजन्तु बिचको दन्द्ध न्यूनिकरण,कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना, जनताको जीवन माथी उठ्ने तथा आम्दानी वृद्धि हुने योजना छनौट गरी कार्यन्वयन गर्नु पर्ने आजको आवश्यकता रहेको छ।

हामीले आगामी आ.ब.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा दिगो विकासका लक्ष्यहरु हाँसिल गर्ने राष्ट्रिय प्रतिवद्धता, नेपाल राष्ट्रको १६ औं पञ्च वर्षीय योजनाको लक्ष्य, उद्देश्य र कोशी प्रदेशको दोस्रो आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरु समेतलाई दृष्टिगत गरी देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गर्ने सोच राखिएको छ।

गाउँसभा सदस्य ज्युहरु

**अव म चालु आ. व.२०८१/०८२ नीति तथा कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहान्छु**

**कः आर्थिक क्षेत्र**

आ.व. २०८१/०८२ मा कृषि क्षेत्रतर्फ बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, बजारीकरणमा सहयोग गर्ने, बालीहरुको प्रवर्द्धनात्मक कार्यक्रम गर्ने, उत्पादन सामाग्री अनुदानमा वितरण, कृषकहरुलाई क्षमता विकास तालिम प्रदान गरेको भएता पनि बजारीकरण र बाली विषेश कार्यक्रम सञ्चालन गर्न नसकेको। पशुपंक्षीजन्य उत्पादन वृद्धि गर्नका लागि उत्पादन सामाग्रीमा अनुदान, खोप कार्यक्रम तथा क्षमता विकास तालिम प्रदान गरेको। बजेट अभावमा रेबिजसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न नसकेको। गरिबीको रेखामुनि रहेका समुदायलाई उद्यमशीलता साथै सीप विकास तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण गरिएको भएता पनि व्यवसायिक बनाउन नसकिएको। सहकारीहरुमा सुशासन, पारदर्शिता र गतिशिलता प्रवर्द्धन गर्नका लागि समुदाय साथै सेयर सदस्यहरुलाई वित्तिय साक्षरतासँग सम्बन्धित तालिम प्रदान गरिएको। सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन नियमन गर्न नसकिएको। पर्यटकीय क्षेत्रहरुको पूर्वाधारको विकास र नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकहरुलाई आकर्षक गन्तव्यको रुपमा विकास गर्दै लगिएको छ।जलबायु अनुकूल वन

बम प्रसाद लावती
अध्यक्ष

वातावरण संरक्षण गर्दै लगिएको भएता पनि वन ऐन बनाउन सकिएको छैन । रोजगारी प्रर्वद्धनको कार्यक्रम निरन्तर चलिरहेकै छ ।

**ख: सामाजिक क्षेत्र**

गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व २०७८/२०७९-२०८२/२०८३) ले लिएको सोचलाई पुरा गराउने अन्तिम वर्षमा आइपुग्दा पालिकाको ७५ प्रतिशत विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि, पुस्तकालय, विज्ञान प्रयोगशाला, अन्तर सरकार साझेदारीमा आकर्षक विद्यालय भवन निर्माण, सबै विद्यालयहरुमा इन्टरनेट तथा विद्युत सेवा, स्वच्छ पिउनेपानीको प्रवन्ध, बाल तथा छात्रामैत्री शौचालय, स्यानिटरी प्याड लगायतको सेवा तथा सुविधाहरु व्यवस्थापन गरिएको छ । पालिकाको साक्षरता दर ८० **प्रतिशत** बढी पुगेको छ । विभिन्न विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार कोषको रकममा हाल ९५ **लाख** पुऱ्याइएको छ। राष्ट्रिय पाठ्यक्रम बमोजिम कुम्मायक गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १ - ८ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । गुणस्तर सुधार तथा नियमनका लागि पालिकास्तरबाट कक्षा ५ र ८ उत्तीर्ण परीक्षा व्यवस्थित रुपमा सञ्चालन गरिदै आएको छ। पालिकाको गौरबको रुपमा १५ शैयाको कुम्मायक आधारभूत अस्पताल स्थापना गरी सञ्चालनमा ल्याइएको छ। सुलभ र सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गरिएको छ । सबै वडाबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएता पनि बर्थिङ सेवा उपलब्ध हुनसकेको छैन । पालिकाको ९५ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ । तमोर पम्पिङ खानेपानी तथा डिपबोरिङ जस्ता ठुला आयोजनाहरु मार्फत बस्तीहरुमा खानेपानीको आपुर्ति गरिदै आएको छ । फोहोरमैला व्यवस्थापनका लागि ल्याडफिल्ड साइटको स्थान निर्धारणको कार्य सम्पन्न गरिएको छ। गाउँपालिकामा लैङ्गिक हिंसा कोष स्थापना भएको छ। ऐतिहासिक स्थल तथा सम्पदाहरुलाई संरक्षण र संवर्द्धन गरी पर्यटन प्रबर्द्धनमा जोड दिइएको छ । हरेक क्षेत्रमा युवाहरुको सशक्त उपस्थिति बढाउँदै लगिएको छ । पालिकाले आफ्नो गौरबको योजनाको रुपमा कुम्मायक रङ्गाशाला निर्माणको कार्यलाई अगाडि बढाइएको छ । विद्यालयस्तरबाटै खेल कौशल तथा प्रतिभा पहिचान तथा प्रवर्द्धन गर्नका लागि राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन र व्यवस्थापन गर्दै आइएको छ ।

**ग: वनवातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई यस आ.व. २०८१/८२ मा प्रकोप व्यवस्थापन कोषमा जम्मा **रु. ५३,०३,८५७.३३।-(त्रिपन्न लाख तिन हजार आठ साय सन्ताउन्न रुपैंया तेत्तिस पैसा)** बजेट विनियोजन भएको छ जसमा हालसम्म जम्मा खर्च: **रु.१६,२१,४९४।-(सोह्र लाख एकाईस हजार चार साय चौरानब्बे रुपैंया)** खर्च भएको छ । बिभिन्न समयमा हुने विपदका घटनाहरुलाई न्यूनीकरण गर्न तथा रोकथाम गर्ने कार्यमा पालिका तथा बिभिन्न संघसंस्थाहरु जस्तै प्रहरी, सेना, सशस्त्र प्रहरी, नेपाल रेडक्रससँग समन्वय तथा सहकार्य गरी कुम्मायकबासी जनताहरुलाई सु-सुचित गरिएको छ । यस पालिकामा भएका विपदका घटनाहरुबाट पिडित भएका लाभग्राहीहरुलाई

पालिका साथै प्रदेश र संघ सरकारसँग समन्वय गरी विभिन्न किसिमका राहत सामग्रीहरु वितरण गर्दै आएको छ। विपदका घटनाहरुलाई रोक्न तथा न्यूनीकरण गर्न बिभिन्न विपदका सामाग्रीहरुको खरिद गरी आवश्यकता अनुसार प्रयोगमा ल्याइएको छ। वडागत रुपमा विपदसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमहरु समय समयमा प्रत्यक्ष, रेडियो तथा अन्य सञ्जाल मार्फत प्रसारण हुने गरी गर्नु पर्नेछ जसले गर्दा विपदका घटनाहरुको न्यूनीकरण हुनेछ। विपदका घटनाहरुबाट पिडित लाभग्राहीहरुलाई समयमै राहत उपलब्ध गराउन नसकिएकोले आगामी दिनमा समयमै राहत रकम उपलब्ध गराउनु पर्नेछ। वनडढेलो नियन्त्रण गर्नुपर्नेमा गर्न नसकिएको साथै वृक्षरोपणको कार्यक्रम सञ्चालन गरी वनक्षेत्र बडाउनुपर्ने देखिन्छ। वन्यजन्तु विशेष गरी बाँदर प्रभावित क्षेत्र भएकाले जङ्गलमा बाँदरलाई उपयुक्त हुने फलफुलका विरुवा समेत रोप्नुपर्ने देखिन्छ।

## घः राजश्व क्षेत्र

यस कुम्मायक गाउँपालिकाको आ.व. २०८१।०८२ मा करका विभिन्न दायराहरु जस्तै सम्पति कर, भूमिकर, वहाल कर, व्यवसाय कर, विज्ञापन कर, बहाल विटौरी कर, सेवा शुल्क कर गरी यस आ.व. मा जम्मा **रु. ७०,००,०००/-(सत्तरी लाख)** वरावरको कुल राजश्व सङ्कलनको लक्ष्य राखेको भएता पनि हाल सम्म जम्मा **रु. ४९,१६,३१५.६१(उन्चास लाख सोह्र हजार तिन सय पन्ध्र रुपैंया एकसट्ठि पैसा)** अर्थात कुल अपेक्षित रकमको **७०.२३%** मात्र राजश्व सङ्कलन भएको छ। जसमा विगत आर्थिक वर्षको सङ्कलित राजश्वसँग तुलना गरेर हेर्ने हो भने कुम्मायक गाउँपालिकाको सबभन्दा धेरै प्रतिशत **६७.९८%** ले कम हुन आएको छ। त्यसैगरी २ नं. वडा कार्यालयको **३१.८१%** कम र ३ नं. वडा कार्यालयको **३०%** ले कम रहेको देखिन्छ भने बाँकी वडा कार्यालयहरुबाट राजश्व सङ्कलनको स्थिति विगतको तुलनामा केही सुधारोन्मुख रहेको देखिएको छ। हामीले आर्थिक ऐन मा उल्लेख गरिएका सम्पूर्ण करका दायराहरुलाई अनिवार्य गराएर साथै करका अन्य दायराहरु बढाएर लक्ष्य अनुरुप राजश्व सङ्कलन गर्न सकिन्छ।

## ङः भौतिक पूर्वधार क्षेत्र

कुम्मायक गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/८२ मा भौतिक पूर्वाधार विकास तर्फ स्थानीय मानिसहरुलाई सडक, पुल तथा यातायातको पहुँच बृद्धि गरी सहज जीवन यापनको लागि ८९ वटा कार्यक्रमहरु जम्मा **रु १०,२८,९५,३४८.६०।-( दश करोड अठ्ठाईस लाख पन्चानब्बे हजार तीन सय अड्चालिस रुपैंया साठ्ठी पैसा)** लागतमा सञ्चालनमा रहेका छन। जसमा कार्यक्रमको प्रकृतिगतरुपले संक्षिप्तमा हेर्दा सडक स्तरोन्नती तर्फ १८ वटा, पर्यटन प्रबर्द्धन तर्फ १ वटा, भवन निर्माण तर्फ ७ वटा, पोखरी निर्माण ३ वटा, सिचांई कुलो निर्माण २ वटा, खानेपानी आयोजना ७ वटा, सडक मर्मत ९ वटा, गुम्बा मर्मत कार्यक्रम १ वटा, सार्वजनीक स्थानहरुको घेराबारा तथा संरक्षण ३ वटा, विद्यालय घेराबारा ३ वटा, सामुदायिक भवन निर्माण तथा मर्मत ५ वटा, खेलमैदान निर्माण १ वटा,

बुम प्रसाद लावती
उपाध्यक्ष

पर्यटन प्रवर्द्धनको लागि पार्क निर्माण १ वटा लगायत अन्य २८ वटा आयोजना तथा कार्यक्रमहरु रहेका छन्।

चालु आर्थिक बर्ष २०८१/८२ मा भौतिक पूर्वाधार तर्फ बहुआयामिक आयोजनाको रुपमा संघीय सरकारसँगको साझेदारीमा( समपूरक आयोजना) वडा नं. २ मा करिव २४,००,००० लिटर क्षमताको पोखरी निर्माण भइरहेको छ। त्यस्तै वडा नं. १ मा १५ शैयाको अस्पताल निर्माण गौरबको आयोजनाको रुपमा निर्माण अन्तिम चरणमा रहेको छ। चालु आ.व. मा विद्यालय स्तरोन्नति तर्फ कागेश्वरी आ.वि. ८ कोठे भवन, सिद्ध सरस्वती मा.वि. ८ कोठे भवन निर्माण र वडा न ३ को वडा कार्यालय भवन सफलतापुर्वक सम्पन्न भइसकेका छन्।

चालु आर्थिक बर्ष २०८१/८२ मा ८९ योजना तथा कार्यक्रमहरु मध्ये ठेक्का प्रणाली/खुला वोलपत्र मार्फत १३ वटा, कोटेशन विधिबाट १४ वटा, अमानतबाट १ वटा, लाभग्राही उपभोक्ता समितिबाट ४५ वटा, विद्यालय व्यवस्थापन समितिबाट १२ वटा र अन्य बिभिन्न समितिबाट ४ वटा आयोजनाहरु सञ्चालनमा रहेकोमा ६८( ७६.४०%) वटा आयोजनाहरु सम्पन्न भइसकेका र २१ ( २३.६० %) वटा निर्माणाधिन रहेका छन्। समग्रमा कुम्मायक गाउँपालिकामा ८९ वटा सञ्चालित आयोजनाहरुको वीत्तिय प्रगती हेर्दा चालु आर्थिक बर्षको खर्च रु **६,१२,५८,१४१.८९।-(छ करोड बयानब्बे लाख अन्ठाउन्न हजार एक सय एकचालिस उन्नब्बे पैसा) (६७.३१%)** र खर्च हुन बाँकी **रु३,३६,३७,२०६.७२।-( तिन करोड छत्तिस लाख सड्तिस हजार दुई सय छ रुपैंया बहत्तर पैसा)(३२.६९%).** रहेको छ।

## च: श्रम तथा रोजगार क्षेत्र

कुम्मायक गाउँपालिकाको आ.व. २०८१/८२ मा संघीय शसर्त र पालिकाको गरी जम्मा रु **८१,१९,०००।- (एकासी लाख उन्नाइस हजार)** रोजगार सेवा केन्द्रको लागि बजेट विनियोजन भएकोमा हालसम्म उक्त बजेटको करिब **२६ प्रतिशत** अर्थात् रु **.१९,८३,८५४ (उन्नाइस लाख त्रियासी हजार आठ सय चौवन्न रुपैंया)** खर्च भएको छ। चालु आर्थिक वर्षमा ९९० जना बेरोजगार व्यक्तिहरू सुचिकृत भएको र आगामी आर्थिक वर्षका लागि यो संख्या बढेर १०२२ पुगेको छ। कुल ५ वटा आयोजना सञ्चालनमा रहेकोमा केही सम्पन्न भएको र केहि सम्पन्न हुने अवस्थामा रहेको छ। सेवा केन्द्रमा हाल १ जना रोजगार संयोजक मात्र कार्यरत रहेको , रोजगार सहायक वडा सचिवको जिम्मेवारीमा रहेको साथै आवश्यक प्राविधिक सहायक नहुँदा कार्य सम्पादनमा कठिनाइ भैरहेको छ।

बम प्रसाद आवती
अध्यक्ष

**छ: न्यायिक क्षेत्र**

आ.ब. २०८१।८२ को न्यायिक समितिको काम कारबाही गर्नको लागि रु. १०,००,०००।– (अक्षरेपि दश लाख ) बजेट बिनियोजन भएको र उक्त बजेटबाट बिभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। यस आ.व. मा जम्मा ९ वटा मुद्दाहरु दर्ता भएका छन्। जस मध्ये ५वटा मुद्दा लेनदेनका, २ वटा मुद्दा श्रीमान श्रीमती विवादका, १ वटा अंशवण्डाको र १ वटा सामान्य कुटपिटको मुद्दा रहेका छन। यसैगरी ३ वटा मुद्दाको न्यायीक निरुपण भएको छ भने ३ वटा मुद्दामा प्रतिउत्तर नपरेकोले उक्त मुद्दाहरु कानुन बमोजिम किनारा लगाउनुपर्ने देखिन्छ साथै ३ वटा मुद्दा चालु अवस्थामा रहेका छन्। आगामी दिनहरुमा मेलमिलापकर्ताहरुलाई क्रियाशिल बनाउने खालका कार्यक्रमहरु, न्यायिक सेवाको पहुँच सम्पूर्ण कुम्मायकबासिमा पुग्ने खालका कार्यक्रमहरु, न्यायिक सेवाको प्रचारप्रसार गर्ने कार्यक्रमहरु र न्यायिक सेवा सम्बन्धी क्षमता विकास तालिम तथा पुर्नताजकी तालिमहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

**ज:प्रशासन क्षेत्र**

कुम्मायक गाउँपालिकाको सुसंस्कृत सङ्गठन संरचना अनुसार कुल ११८ स्थायी दरबन्दी रहेकोमा हाल ६३ पद रिक्त रहेको साथै ३२ जना सेवा करारका कर्मचारि कार्यरत रहेको छन् ।११ पदको बढुवा प्रक्रिया मार्फत पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग बाट प्रतिशत निर्धारण भएको तर माग बमोजिम सिफारिस भई नआएको र पर्याप्त जनशक्तिको व्यवस्थापन हुन नसकेको कारणले अपेक्षित सेवा प्रवाहमा चुनौति देखिन्छ । हालसम्म प्रशासकिय भवन नबन्नाले कार्यालय व्यवस्थापनमा पनि सम्स्या रहेकोछ । सुरक्षा व्यवस्थालाई पनि समय सापेक्ष सुधार गर्दै लगिएको छ ।

**झ:बहुक्षेत्रीय पोषण**

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आ.व २०८१/०८२ मा संघीय सरकार र स्थानीय तहबाट रू १६,३५,०००।-( **सोह्र लाख पैतिस हजार** ) बजेट विनियोजन भएको छ । जसबाट पोषण सुधारका लागि लक्षित वर्ग केन्द्रित विभिन्न क्रियाकलापहरू सञ्चालन भएका छन । यस गा.पा को पोषण प्रोफाइल समेत तर्जुमा गरिएको छ । वडा नं. ५ लाई पहिलो पोषणमैत्री वडा घोषणा गर्ने गरी कार्य अघि बढाइएको छ साथै पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्न र आगामी ४ वर्ष भित्र यस पालिकालाई पोषणमैत्री स्थानीय तह घोषणाका लागि विशेष अभियान सञ्चालन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिने छ ।

**ञ. महिला तथा बालबालिका क्षेत्र:-**

महिला बालबालिका शाखा अन्तर्गत अन्तराष्ट्रिय नारी दिवस, लैङ्गिक हिंसा विरुद्धको अभियान कार्यक्रम सञ्चालन गरिएको साथै वडा नं. २ र ३ मा जेष्ठ नागरिक सम्मान कार्यक्रम समेत सञ्चालन गरिएको । आगामी दिनमा महिलाहरूलाई व्यवसायीक रोजगारीमा आवद्ध गरी आत्मनिर्भर बनाउने, यस पालिकालाई बालविवाह मुक्त पालिका बानाउने तर्फ अग्रसर गराउन समुदाय स्तरमा

जनचेतनामुलक अभियान सञ्चालन गर्ने, सार्वजनिक स्थलहरू बालमैत्री र अपाङ्ग मैत्री बनाउदै लगिने र गुणस्तरीय अपाङ्गता सहायक सामग्री वितरणलाई निरन्तरता दिने जस्ता क्रियाकलाप सञ्चालन गरिने छ ।

**झ:पञ्जिकरण क्षेत्र**

आ.व ०८१/०८२ मा जम्मा २६५ जन्म (१३५ पुरुष, १३० महिला), १४३ मृत्यु (८३ पुरुष, ६० महिला), २४ सम्बन्ध विच्छेद, २० बसाई सरी आएका, ३५१ बसाई सरी गएका र १३२ विवाह दर्ता गरी जम्मा ७०६ रेकर्ड दर्ता भएका छन्। सामाजिक सुरक्षा भत्ता वितरण पहिलो त्रैमासिकका लाभग्राही जम्मा १,६३० लाई **जम्मा रु १,६५,२१,७३७।- (एक करोड पैसट्ठि लाख एकाईस हजार सात सय सड्तिस रुपैंया)** वितरण गरिएको । दोस्रो त्रैमासिकका लाभग्राही जम्मा १,६३२ लाई जम्मा रु **१,६५,२३,१६५।-(एक करोड पैसट्ठि लाख तेईस हजार एक सय पैसट्ठि रुपैंया)**वितरण गरिएको र तेस्रो त्रैमासिकका लाभग्राही जम्मा १,६२३ लाई जम्मा रु **१,६४,१६,३३७।- (एक कारोड चौसट्ठी लाख सोह्र हजार तिन साय सड्तिस रुपैंया)** वितरण गरिएको । पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा मृत्यु भएका लाभग्राहिहरुको खाताबाट रकम फिर्ताको लागि बैंक मार्फत प्रकृयामा रहेको । सबै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली (VERSP-MIS) मा गरिदै आएको छ। सामाजिक सुरक्षा भत्ता बैंङ्किङ प्रणाली मार्फत वडामा गएर वितरण हुँदै आएको छ । सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया थप पारदर्शी बनाउन गाउँपालिकाका पाँचवटै वडामा बायोमेट्रिक डिभाइस जडान गरिएको छ । जिल्ला प्रशासन कार्यालयमार्फत वितरण हुँदै आएको राष्ट्रिय परिचयपत्र सेवाग्राहीको सुविधाका लागि हाल गाउँपालिकाबाटै वितरण गरिँदै आएको छ।

बम प्रसाद लावती
अध्यक्ष

कुम्मायक गाउँपालिका

गाउँसभा सदस्य ज्युहरु

**अव म दीर्घकालिन सोच, लक्ष्य, उद्येश्य र उपलब्धिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**कः दीर्घकालिन सोच**

कुम्मायक गाउँपालिकाको समस्त विकासमा गाउँबासीहरुको सहभागिता अभिवृद्धि गर्दै गुणस्तरयूक्त विकास जनमुखी जवाफदेही मितव्ययी एवं पारदर्शी सेवा प्रदान गर्दै सुन्दर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने र जल, जङ्गल, कृषि ,उर्जा ,सडक, खानेपानी,सिचाँई, खानी, स्वास्थ्य र शिक्षा क्षेत्रको समुचित विकास गरी बसाइँसराई न्यूनीकरण गरी रोजगारी सिर्जना गरी आत्मानिर्भर समाजको उच्च जीवनस्तर सहितको समृद्व कुम्मायक निर्माण गर्ने दीर्घकालिन सोच रहनेछ ।

**खः दिर्घकालिन लक्ष्य**

लोकतान्त्रिक शासन पद्धतिमा जनता नै सर्वोच्च अङ्ग भएको हुँदा शासन प्रक्रियामा जनतालाई सहभागी गराई जनताकै शासन पद्वति स्थापित गराई साधन र श्रोत उचित परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित र समावेशी ढङ्गले पालिकावासी समक्षमा पुर्याउने यस कुम्मायक गाउँपालिकाको दिर्घकालिन लक्ष्य रहनेछ ।

**गः दिर्घकालिन उद्येश्य**

कृषि तथा पशुपालनमा जोड दिई आत्मानिर्भर कृषि पद्वतिलाई स्थापित गर्ने, उत्पादनसँग जोडेर योजना बनाउने, कृषिमा आधारित उद्योगहरु स्थापना गर्ने, रोजगारी सिर्जना गर्ने, विकासको प्रतिफललाई समान वितरण गर्ने, शैक्षिक गुणस्तर सुधारका लागि नयाँ योजना बनाई लागु गर्ने, स्वास्थ्य क्षेत्रमा गुणात्मक र परिमाणात्मक परिवर्तन गर्ने र उल्लेखित कार्य पश्चात बसाइँसराई न्यूनीकरण गर्ने दिर्घकालिन उद्देश्य रहनेछ ।

**घः अपेक्षित उपलब्धि**

आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात जलवायू परिवर्तन अनुकूल कृषि पद्वतिमा सुधार आई मानव र वन्यजन्तु विचको दन्द्वमा कमी आउनेछ । कृषिमा आधारित मझौला साना तथा घरेलु उद्योगको स्थापनाले रोजगारी सिर्जना भई नागरिकको जीवनस्तरमा सुधार आउनेछ । उत्पादनमूलक ,अपाङ्गमैत्री, बालमैत्री, महिलामैत्री तथा मौलिक संस्कृतीयूक्त पूर्वाधारको विकास हुनेछ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय सुधार आउनेछ। पर्यटन प्रवर्द्वनमा सुधार आई आन्तरिक तथा वाह्य पर्यटकको वृद्धि हुनेछ । पारदर्शी ,जवाफदेही, मितव्ययी र नियमसङ्गत सुशासन कायम हुनेछ ।

बम प्रसाद लाप्ती
अध्यक्ष

गाउँसभा सदस्य ज्युहरु

अब म आ. व. २०८२/०८३ नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख आधारहरु ,प्राथमिकताहरु र प्रमुख नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## प्रमुख आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- दिगो विकासको लक्ष्य २०१६-२०३०,
- १६ औं पञ्च वर्षीय योजनाको लक्ष्य, उद्देश्य
- संघ र कोशी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड
- संघीय तथा कोशी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम,
- संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सृजित दायित्व
- निर्वाचनका वेला गाउँवासी सामु गरेका प्रतिवद्धता एवं घोषणापत्रहरु
- वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, र पूर्वाधारको अवस्था समेतका आधारहरु ।

## प्रमुख प्राथमिकताहरु

- जलवायु अनुकूल कृषि पद्दतिमा सुधारका क्षेत्रहरु
- कृषिमा आधारित उद्योग स्थापना
- मानव र वन्यजन्तु वीचको द्वन्द न्यूनीकरणका क्षेत्रहरु
- रोजगारी सिर्जनाका क्षेत्रहरु
- महिला बालबालिका तथा पिछडिएको वर्ग र समुदायहरुलाई प्रत्यक्ष लाभ पुग्ने क्षेत्र
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त हुने योजनाहरु
- लैंङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने योजनाहरु
- भाषिक सांस्कृतिक पक्षको जगेर्ना र समाजिक एकता अभिवृद्धिमा सघाउने क्षेत्रहरु
- शिक्षा र स्वास्थ्यका सुधारका क्षेत्रहरु
- बसाइँसराई न्यूनीकरणका क्षेत्रहरु

बम प्रसाद लावती
अध्यक्ष

## प्रमुख नीतिहरु

- कुम्मायक गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य शुभारंभ गरिनेछ।
- भूगोल, जनसंख्या र सांस्कृतिक परम्परालाई मध्यनजर गरी भौतिक पूर्वाधारको विकास गरिनेछ।
- बसाइँसराई र युवा पलायनलाई न्यूनीकरण गर्न उत्पादन र रोजगार कार्यक्रम लागु गरिनेछ।
- मानव श्रोतको व्यवस्था गरी गाउँपालिकाबाट गरिने सेवा प्रवाहलाई नागरिकप्रति उत्तरदायी बनाउन जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी र प्रविधि मैत्री बनाईनेछ।
- कृषि पशुपालनमा जलवायु अनुकूल प्रणालीको विकास गरी मानव र बन्यजन्तु वीचको दन्द्व कम गर्दै उत्पादनसँग जोडेर मझौला, साना तथा घरेलु उद्योगहरुको स्थापना गरिनेछ।
- शैक्षिक गुणस्तर कायम गर्न विद्यालय समायोजन, दरबन्दी मिलान, कक्षा मिलान ,आवाशिय विद्यालय र मोवाइल शिक्षामा जोड दिइनेछ।
- स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच अभिवृद्धि गर्न आवश्यक कानूनको तर्जुमा गरी जनशक्ती व्यवस्थापन, अस्पताल प्रशासन सुधार तथा विमा कार्यक्रम लागु गरी १५ शैयाको अस्पतालबाट सेवा प्रदान गरिनेछ।
- उत्पादनमूलक तथा रोजगार मूलक योजना कार्यन्वयनमा जोड दिइनेछ।
- विपत न्यूनिकरणका योजना कार्यन्वयनमा जोड दिइनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइनेछ।
- बाँझो जमिनको तथ्याङ्क सङ्कलन गरी माटो हावापानी अनुकूल युवा मैत्री खेती प्रणालीको विकास गरिनेछ।
- लोप भएका तथा हुन लागेका पानीका श्रोतहरु जस्तौ कुवा, पोखरी, मुल ढुङ्गे धारा आदिको संरक्षण र उत्खनन गरिनेछ।
- सर्बसुलव खानेपानी पहुँच अभिवृद्धिका लागि भइरहेको संरचना सुधारमा सहयोग गरिनेछ।
- सिचाँइको उचित प्रवन्ध मिलाईनेछ।
- आन्तरिक आय वृद्धिका लागि राजश्व सुधार योजना बनाई लागु गरिनेछ।
- समाजिक सुरक्षा तथा घटना दर्तालाई समय सापेक्ष सुधार गरिदै लगिनेछ।
- राजस्व सुधार योजना तर्जुमा गरी सबै क्षेत्रलाई करको दायरामा ल्याइनेछ।

बम प्रसाद लावती
अध्यक्ष

गाउँसभा सदस्य ज्युहरु

**अव म आ. व. २०८२/०८३ क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आर्थिक क्षेत्र

### ❖ कृषि

- परम्परागत निर्वाहमूखी खेती पद्धतिलाई व्यवसायिक तथा आधुनिक खेती प्रणाली अपनाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषिमा व्यवसायीकरण, आधुनिकीकरणका उपायहरु खोजी गरी विदेश जान चाहने र विदेशबाट फर्केका युवाहरुलाई कृषि पेशामा आबद्ध भई स्वरोजगार बन्न उत्प्रेरित गरी कृषि क्षेत्रको उत्पादन बढाइनेछ र जीवन पद्दतिको रुपमा स्थापित गर्न कृषि शिक्षालाई प्रवर्द्धन गरिनेछ ।
- खाद्य पोषण ,खाद्य सुरक्षा , जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनले उत्पादनमा पार्ने असरसँग जुध्न स्थानीय रैथाने बालीहरुको पहिचान, क्षेत्र विस्तार, संरक्षण, प्रवर्द्धन, खाद्यमा विविधकरण तथा बजारिकरणमा जोड दिइनेछ ।
- यासोक बजारमा व्यवस्थित कृषि थोक बजार सञ्चालन गरिनेछ ।
- कृषिलाई जलवायु परिवर्तन अनुकूल उत्पादनशील प्रविधिको विकासमा जोड दिइनेछ ।
- कृषि यान्त्रिक उपकरण अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ ।
- बेमौसमी खेती, अदुवा, बेसार , अकबरे खुर्सानी, बदाम , आलू , किवी, अम्लिसो, फलफूलको पकेट क्षेत्र र ब्लक क्षेत्रको पहिचान गरी कृषकहरुलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- **"स्वस्थ माटो, स्वच्छ बाली"** अभियानमार्फत माटोको उर्वराशक्ति दिगो व्यवस्थापन गर्न माटो परिक्षणको कार्यलाई सघन रुपमा अघि बढाइनेछ । माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गारिक मलको उत्पादनमा सहयोग र प्रयोगमा जोड दिइनेछ ।
- व्यवसायिक कृषि प्रवर्द्धन गर्न कृषकहरुका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवा कृषक तथा उद्यमीहरुसँग साझेदारिमा वडास्तरिमा नमूना फार्म स्थापना गरि **"सिकाइ केन्द्रको"** रुपमा बिकास गरिनेछ ।
- कृषिजन्य उत्पादनमा विषादिको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ ।
- कृषिमा संलग्न कृषक एवं खेती योग्य जमिनको पार्श्वचित्र निर्माण गर्न पहल गरिनेछ ।
- कृषिमा जैविक विधिबाट रोग नियनत्रण गर्ने साथै एकिकृत शत्रुजिव व्यवस्थापन प्रणाली अपनाइनेछ ।
- गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ ।
- गाउँपालिका भित्रका हरेक वडामा फलफूलका विरुवाहरु उत्पादनको लागि नर्सरीको स्थापना गरिनेछ।

चक्र प्रसाद लावती
अध्यक्ष

- **"उत्पादन साथमा अनुदान हातमा"** भन्ने नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइ कृषकलाई उत्पादनमा प्रोत्साहन गरिनेछ ।
- **"एक घर एक करेसाबारी, बाह्रै महिना हरियो तरकारी"** अभियान सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा नमुनाको रुपमा **"कृषि बगैंचा"** कार्यक्रम सञ्चालन तथा विस्तार गरिनेछ ।
- मानव र वन्यजन्तु बिचको द्वन्द न्यूनिकरण गर्ने प्रकारका बालि लगाउन कृषकहरुलाई प्रोत्सान गरिनेछ ।
- किसानहरुलाई व्याज अनुदानमा कृषि कर्जा उपल्ब्ध गराउन संघीय सरकार तथा प्रदेश सरकारसँग पहल गरिनेछ।
- बाँझो जमिनको तथ्याङ्क संकलन गरी व्यवसायिक कृषि तथा पशु पालनका लागि लिजमा लिने दिने व्यवस्था गर्न र बाझो जमिनमा अतिरिक्त कर लगाउनका लागि कानुन तर्जुमा गरिनेछ ।
- बेसार उत्पादन तथा प्रसोधन उद्योग स्थापना गरी बेसारलाई कुम्मायक गाउँपालिकाको ब्राण्ड बनाइनेछ र **"कालो बेसार"** खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

❖ **पशु विकास**

- उपभोक्ता हितलाई मध्यनजर गर्दै कुम्मायक गाउँपालिकामा सञ्चालित दुग्ध डेरी तथा मासु पसलहरुबाट **"Hygenic Milk and Meat Products"** उत्पादनको लागि डेरी तथा मासु पसल सुधारको नीति अवलम्बन गरिनेछ ।
- स्वच्छ मासुको उपलब्धता सुनिश्चित गर्न पशु बधशाला स्थापना, मासु पसल तथा मासु ढुवानीका साधनहरुको मापदण्ड तोकी नियमन गरिनेछ ।
- पशुहरुमा लाग्ने रोगहरुको उपचार गर्न **"मोबाइल पशु क्लिनिक"** सञ्चालन गरिनुका साथै पालिकास्तरीय आधारभुत प्रयोगशाला निर्माण गरी गुणस्तरिय भेटेरिनरी सेवा प्रवाह गरिनेछ ।
- पशु चौपायहरुमा खोरेत, पिपिआर, क्लासिकल स्वाइन फिवर , रेविज, लम्पी स्किन र पन्छीहरुमा रानीखेत रोगहरु विरुद्को खोप कार्यक्रमलाइ प्रभावकारी बनाइनेछ ।
- **एक वडा एक नमुना फर्म, कुम्मायकको शान** भन्ने नाराका साथ युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा व्यवस्थित अभिलेख सहितको नमूना फार्म(श्रोत केन्द्र) स्थापना गरी सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।
- पशुपालनमा प्रयोग भएका आधुनिक प्रविधि, सन्तुलित आहार व्यवस्थापन आदिको अध्ययन अवलोकन गरी प्रविधि अनुसरणका लागि प्राविधिक तथा कृषकहरुको लागि कृषि भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिकाभित्रका किसानहरुको वर्गिकरण गरी कृषकहरुलाइ किसान परिचयपत्र वितरण गरिनेछ ।
- पालिका तथा यासोक बजार क्षेत्रबाट पशु चौपायहरुको निकासीको लागि पशु निकासी मार्गको यकिन गरी व्यवस्थित निकासीको प्रबन्ध मिलाइनेछ ।

- गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु बिमा तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।
- कुकुरको टोकाइबाट लाग्न सक्ने रेबिज रोग नियन्त्रणका लागि रेबिज बिरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- बंगुर, बाख्रा र कुखुरा विकास पकेट क्षेत्र स्थापना गर्दै लगिनेछ ।
- पशुजन्य खोप तथा महामारी रोग नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- घाँसको नर्सरी स्थापना, हिउँदे तथा बर्षे घाँसका विरुवाहरु वितरण गरिनेछ ।
- पशु हाटलाई निश्चित स्थानको खोजिगरी व्यवस्थापन गरिनेछ ।
- पशु कल्याणका आधारभुत सिद्धान्तलाई सुनिश्चित गर्दै पशुपन्छीप्रति हुने निर्दयी व्यवहारमा रोक लगाउन आवश्यक व्यवस्था मिलाइने छ ।
- माछा पालन व्यवसायलाइ प्रोत्साहन गरिनेछ ।
- दुग्ध जन्य उद्योग स्थापनामा सहयोग गरिनेछ ।
- गाउँपालिका आफैले कुखुरा विकास कार्यक्रम सञ्चालन गर्नेछ ।
- गाउँपालिकाबाट बितरण भएका अनुदान कार्यक्रमहरुको फलोअप अनुगमन गरि उपलब्धि मापन गरिनेछ ।
- पशु पोषणका लागि चरन क्षेत्रहरुमा पाईने विषालु घाँसलाई प्रतिस्थापन गरि पोषिलो घाँस लगाइनुको साथै चरन क्षेत्र बिकास कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।
- **एक वडा एक विशेष उत्पादन, एक पालिका एक उत्पादन क्षेत्र** नीति अवलम्बन गरि मासु उत्पादनका लागि बाख्रापालन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै वडा नं ५ लाई दुध उत्पादन क्षेत्र घोषणा गरी दुध उत्पादन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

❖ **उद्योग**

- उद्यमशीलता विकासका लागि घरेलु कार्यालय तथा उद्योग वाणिज्य सङ्घको सहकार्यमा उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हावा पानी माटो सुहाउँदो कृषि पशुपालन तथा वनजन्य उद्योग स्थापनाका लागि विकास साझेदारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- नव प्रवर्द्धनमा आधारित उद्योगहरु स्थापनामा जोड दिइनेछ ।
- ज्ञानलाई सिपमा, सिपलाई श्रममा, श्रमलाई उत्पादनमा जोड्ने बैज्ञानिक स्थानीय पाठ्यक्रम बनाई अनिवार्य रुपमा स्थानीय तहमा उद्योमशील कक्षा सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्कि आएका तथा स्वदेशमै सिपमूलक काम गरिरहेका व्यक्तिहरुका लागि उद्यमी रोजगार बिकास बैंक स्थापना गरी रोजगारिको सृजना गरिनेछ ।
- बिपन्न महिलाहरुका लागि जिविकोपार्जन सुधार गर्न विभिन्न प्रकारका साझेदारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी उद्यमशिल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

बम प्रसाद लावती
अध्यक्ष

- बेसार र बदाम उत्पादन तथा प्रशोधन उद्योग स्थापना गरिने छ।
- स्थानीय कच्चा पदार्थमा आधारित मझौल ,साना तथा घरेलु उद्योग स्थापना गरिने छ।
- स्थानीय परम्परागत एवं लोपोन्मुख घरेलु उद्योगहरुको संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।
- औद्योगिक ग्राम स्थापना गरिनेछ।
- प्रत्येक वडामा उद्यमशील विकास केन्द्र स्थापना गरिनेछ।
- लगानिमैत्री वातावरण बनाउन लगानी सम्मेलन गरिने छ।
- स्थानीय उत्पादनहरूको पहिचान बनाउन ब्रान्डिङ र बजार पहुँचको व्यवस्था गरिनेछ।
- कृषि, जडिबुटी, हस्तकला, पर्यटन आदि जस्ता क्षेत्रका स्थानीय स्रोतहरूको अधिकतम उपयोग गरी उद्योग स्थापना गरिनेछ।
- आधुनिक प्रविधिको प्रयोगमार्फत उत्पादन क्षमतामा सुधार ल्याउने तथा परम्परागत सीपको संरक्षण गरिनेछ।

## ❖ धार्मिक, सास्कृतिक तथा पर्यटन

- कुम्मायक गाउँपालिका क्षेत्र भित्र पर्यटकीय स्थानहरुको पहिचान गारी पर्यटन प्रवर्दन गरिदै लगिने छ।
- पर्यटन प्रवर्द्धनका लागि "**पर्यटन गुरु योजना**" बनाई लागु गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका मठ, मन्दिर , पाटि, पौवा, बौद्ध , चैत्य , गुम्वा, चर्च, धर्मशाला लगायत अन्य धार्मिक महत्व राख्ने वस्तुहरुको संरक्षण तथा मर्मत सम्भार गरी धार्मिक पर्यटकीय स्थल बनाइनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका प्रमुख पर्यटकीय स्थल कुम्मायक र कुस्सायक लाई ऐतिहासिक , धार्मिक , सांस्कृतिक परमपरासँग जोडेर पर्यटकीय गन्तब्यको रुपमा विकास गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र परम्परादेखि सञ्चालन हुँदै आएका मौलिक, कला, संस्कृति विभिन्न जातजातिका भाषा लिपीको संरक्षण र सम्वर्द्धन गरिनेछ।
- साहित्य, कला, विभिन्न जात जातीका भेषभूषा एवं सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिएका वस्तुहरुको सङ्कलन् संरक्षण र संवर्द्धनका लागि "**बहुसांस्कृतिक सङ्ग्रहालयको**" स्थापन गरिनेछ।
- परम्परागत रुपमा प्रचलनमा रहेका मेला, जात्रा, पर्व, महोत्सव, नाँच, गान, वाजा तथा धर्म संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गरिनेछ।
- "**चोलुङ्ग पार्क**" लाई सांस्कृतिक पार्कका रुपमा रुपान्तरण गरिनेछ।
- आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि होटल ,पाहुना घर तथा रेष्टुरेण्ट निर्माणका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ।
- कुम्मायक गाउँपालिकाको केन्द्र यासोक बजारमा रहेको ऐतिहासिक "**परेवा घरको**" संरक्षण र सम्बर्दन गरिने छ।

- ऐतिहासिक सांस्कृतिक तथा पुरातात्विक ठाउँहरु देउरालिमा रहेको सेहोनाम्लाङ(छालासुक्वा), हाङमावरक, स्याबरुम्बा पोखरी, चेतनहाङ् दरवार, रानी गुफा, बालकर्ण देवल, धुँवा राजारानीको दरवार, साँवा राजा, शिवालय मन्दिर, ३ नं को बौद्ध गुम्बा र सुमालरङ, वन्थाकमा रहेको घोडाहरुको चिहान, सेपेनिको शिवलिङ्ग र एतिहासिक देवस्थहरुको संरक्षण र संवर्द्धन गरिनेछ।

### ❖ सहकारी

- "गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी" भन्ने नारालाई मूर्तरुप दिन गठन भएका कृषि सहकारी मार्फत किसानहरुको आय आर्जनमा वृद्धी गरी जीवनस्तरमा सुधार गरिनेछ।
- सहकारी विभागले कार्यान्वयनमा ल्याएको सहकारी तथा गरिबी सम्बन्धी एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरणहरु प्रविष्टी र अभिलेखिकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- सहकारी संस्थाहरुका पदाधिकारी एवं कर्मचारीहरुका लागि सहकारी शिक्षासम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सहकारी संस्थाको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ
- सहकारी शाखाको व्यवस्थापन गरी प्रभावकारी रुपमा सहकारीलाई चलयमान गरिनेछ।
- सर्वसुलभ रुपमा आम जनतामा विद्युतको पहुँच वृद्धिको लागि पालिकाभित्र सञ्चालित विद्युत सहकारीहरुलाई नेपाल विद्युत प्राविधिकरण मातहतमा लगिने नीति अवलम्बन गरिनेछ।
- आम कुम्मायकबासी नागरिकहरुको आर्थिक उपार्जन र क्षमता विकासको लागि सहकारी तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

### ❖ भुमि सम्बन्धि नीति

- भु-उपयोग योजना तर्जुमा गरी भुमिलाई बैज्ञानिक ढङ्गले बर्गिकरण गरिनेछ।
- भुमिहिन दलित, भुमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासिंहरुको समस्या समाधानका लागि भुमि समस्या समाधान आयोगसँग सहकार्य गरी जग्गा धनि प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ।
- भुमि समस्या समाधान आयोगसँग सहकार्य गरी कार्य गर्नका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।
- **"भुमि बैंक"** को स्थापना गर्न आवश्यक कानूनको तर्जुमा गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

❖ वितीय क्षेत्र

- हाल सञ्चालनमा रहेका वित्तीय संघ संस्थाहरुको सेवा चुस्त दुरुस्त तथा भरपर्दो बनाइदै लगिनेछ ।
- भुक्तानी प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउनका लागि हाल सञ्चालनमा रहेका बैंकहरुलाई आग्रह गरिनेछ ।
- **"जनतासँग बैंक"** कार्यक्रमलाई अगाडि बढाउन हाल सेवा प्रवाह गर्दै आएका बैंकसँग समन्वय गरी प्रत्येक गाउँवासीलाई खाता खोल्न प्रोत्साहन गरिनेछ ।
- वित्तीय संघ संस्थाहरुलाई गाउँपालिकामा दर्ता गराई नियमित रुपमा अनुगमन नियमन गरिनेछ ।
- वित्तिय संस्थाहरुको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

**सामाजिक क्षेत्र**

❖ **स्वास्थ्य**

- स्वास्थ्य चौकीलाई सुविधा सम्पन्न रुपमा स्तरोन्नती गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई सम्पूर्ण गाउँपालिका बासीहरुको पहुँचमा पुऱ्याइनेछ ।
- स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रथम सेवा विन्दु गाउँपालिकामानै स्थापना गर्न पहल गरिनेछ र वीमा कार्यक्रमलाई प्राथमिकतामा राखी सम्पूर्ण नागरिकलाई स्वास्थ्य वीमाको पहुँचमा वृद्धि गरिनेछ ।
- मुटु रोग,क्यान्सर, मृगौला डाइलासिस तथा मृगौला प्रत्यारोपण,मेरुदण्ड पक्षघात,कलेजो प्रत्यारोपण जस्ता कडा रोगबाट पीडित गाउँपालिका बासीहरुको औषधी उपचार सेवा लिन सहज तुल्याउन यातायात खर्चलाई निरन्तरता दिइनेछ ।
- **"जिरो होम डेलिभरी"**को आधार तयार गर्न आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाई बर्थिङ सेन्टर तथा सुरक्षित गर्भपतन सेवाको पहुँचमा वृद्धि गरिनेछ ।
- गर्भवति तथा सुत्केरी आमाहरुको लागि नि:शुल्क क्याल्सियम चक्की वितरण, भिडियो एक्स-रे, आमा किताब मार्फत सेवामा पूर्ण सहभागिता गराइनेछ ।
- सुत्केरी आमाहरु तथा विपदबाट प्रभावित व्यक्तिहरुलाई कार्यविधि निर्माण गरी निशुल्क एम्बुलेस सेवा प्रधान गरिनेछ।
- उत्तर-प्रसुति सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- सबै स्वास्थ्य सस्थाहरुमा पर्याप्त औषधि तथा उपकरणको व्यवस्था मिलाइ प्रयोगशाला स्थापना तथा विस्तारमा जोड दिइनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।

- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधारमा जोड दिइनेछ।
- गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता र दीगोपना कायम गरिनेछ।
- गाँउघर क्लिनिक र खोप क्लिनिक सेवालाई आवश्यकताका आधारमा विस्तार तथा सुधार गर्दै लगिनेछ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुको लागि घरमै गएर निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाका विभिन्न वडाका स्तनपायी आमा तथा शिशुको सुरक्षार्थ स्वास्थ्य परीक्षण गरी दुध बर्धक औषधीहरु वितरण गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुको क्षमता अभिवृद्धि गरिनुका साथै उपलब्ध गराईंदै आएको संचार तथा यातायात खर्चलाई निरन्तरता दिइनेछ।
- पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै सुनौलो हजार दिने आमाहरुको लागि पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- क्षयरोगमुक्त अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सबै स्वास्थ्य संस्थाहरुबाट बिरामिको स्क्रिनिङ गर्ने र आवश्यक साधन र श्रोतको सुनिश्चित गरिनेछ।
- गाउँपालिका भित्रका विरामीहरुलाई आवश्यक रगत निःशुल्क उपलब्ध गराईने व्यवस्था मिलाइनेछ।
- नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न निकायहरुसँगको समन्वय तथा साझेदारीमा शिविर तथा स्वास्थ्य प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- महामारीको सम्भाव्यतालाई मध्यनजर गर्दै हुनसक्ने महामारी तथा विपद् व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका भित्रका बालबालिका र किशोरकिसोरीहरुको स्वास्थ्य उपचारको विशेष उपचारको व्यवस्था मिलाईने छ।
- **"योग गरौं निरोगी बनौं"** भन्ने नारालाई मूर्त रुप दिन सबै वडा केन्द्रमा योग शिविर सञ्चालन गरिने तथा गाउँपालिका स्तरमा एक योग साधना केन्द्रको स्थापना गरिनेछ।
- कुम्मायक आँखा अस्पताललाई जनशक्ति, स्रोत र साधन उपलव्ध गराई प्रभावकारी सेवा प्रदान गर्ने व्यवस्था मिलाई पालिकाको पूर्ण मातहतमा ल्याइनेछ।
- आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्साको विशिष्टकृत सेवासहित योग, ध्यान प्रणायम, पञ्चकर्म तथा चिकित्सा सेवा केन्द्रको सञ्चालन गरिनेछ।
- ३ जना भन्दा धेरै सन्तान जन्माउने तथा जुम्ल्याला बच्चा जन्माउने आमाहरुलाई प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

बम प्रसाद लावती
अध्यक्ष

❖ शिक्षा

- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार तथा शैक्षिक विकासको लागि साझेदार संस्थाहरुसँगको समन्वयमा स्रोत व्यवस्थापनका लागि पहल गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक विद्यार्थी दरबन्दी मिलान, विद्यालय समायोजन र कक्षा समायोजन गर्दै लगिनेछ।
- विद्यार्थीमा अन्तरनिहित प्रतिभाको विकासको लागि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिलाई प्रभावकारी बनाइनेछ।
- सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्था मिलाईनुका साथै विद्युत मैत्री, सूचना मैत्री तथा प्रविधि मैत्री विद्यालय बनाउँदै लगिनेछ।
- शिक्षण संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने कार्यलाई अगाडी बढाइनेछ।
- गाउँपालिकाको शैक्षिक गतिबिधि समेटेर शैक्षिक दर्पण प्रकाशन गरी आम पालिकावासीहरुलाई शैक्षिक गतिविधिको जानकारी गराइनेछ।
- विद्यालयहरुमा साझेदारिमा **"बालबचत"** कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरुको नतिजाको आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाईनेछ।
- शैक्षिक सुशासन कायम गर्नका लागि प्रतिस्पर्धीका आधारमा प्रधानाध्यापक छनौटको कार्यलाई अगाडि बढाइनेछ।
- सामुदायिक तथा निजी विद्यालयहरुको कक्षा ५, ८ र १० को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने १ जना छात्र तथा १ जना छात्रा गरी जम्मा ६ जनालाई पुरष्कृत गरिनेछ।
- भाषा, साहित्य र कलामा विशेष योगदान पुर्‍याउने स्रष्टालाई सम्मान गरिनेछ।
- आर्थिक रुपले बिपन्न, दलित, जनजाती, सिमान्तकृत, द्वन्द्व पीडित र बिपत्तीमा परेका बालबालिकाहरुलाई विशेष छात्रावृत्तिको व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्री, खेल सामग्री, प्राथमिक स्वास्थ्य उपचारका सामग्रीहरु वितरण गरिनेछ।
- पाठ्यक्रम प्रवोधिकरण तथा तर्जुमा हुन बाँकि कक्षाहरुको पाठ्यक्रम तर्जुमा र तयार भएका कक्षाहरुको पाठ्यक्रम समय सापेक्ष सुधार गर्दै लगिनेछ।
- सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको क्षमता विकासको कार्यक्रमहरु सञ्चालन गरिनुका अलवा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावकसँगको सक्रिय सहभागितामा विद्यालयको क्षमता विकास गरिनेछ।
- गाउँपालिकाको **"इच्छा वुहारीलाई शिक्षा"** कार्यक्रमको लागि बजेट विनियोजन गरी कार्यक्रम अगाडि बढाइनेछ।
- अभिभावकसँग विद्यालयको सम्बन्ध विस्तार गर्नका लागि विद्यालयमा मासिक रुपमा अभिभावक भेला तथा अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

बमे प्रसाद लावती
अध्यक्ष

- विद्यालयतहका शिक्षक तथा कर्मचारीहरुको मासिकरुपमा तलब भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालहरुको शैक्षिक गुणस्तर सुधारकालागि शैक्षिक गुणस्तर सुधार कोषको स्थापना र **"शैक्षिक गुरु योजना"** तर्जुमा गरिनेछ।
- गाउँपालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्नकालागि अतिरिक्त कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ।
- शैक्षिक संस्थाको गतिविधि, सिकाई उपलब्धि र शिक्षक अभिभावकको अनुभव आदान प्रदानकालागि शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरुमा हरेक शुक्रवार **"बुक फ्रि डे"**(Book Free Day ) कार्यक्रम लागु गरिनेछ।
- **"माध्यमिक विद्यालय एक स्वास्थ्य कर्मी"** कार्यन्वयनमा ल्याईले छ।
- माध्यमिक विद्यालयहरुमा लागु औषध न्यूनीकरण तथा विपद् पूर्वतयारी कार्यका लागि **"हामी स्वयंमसेवी"** अभियान सञ्चालन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रलाई चलयमान बनाई सहजकर्ताहरुको क्षमता विकासका कार्यक्रम सन्चालन गरिनेछ।

### ❖ खेलकुद

- **"राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागी खेलकुद"** भन्ने नारालाई मूर्तरुप दिन गाउँपालिका खेलकुद विकास समिति गठन गरी सम्पूर्ण क्लबहरुलाई आबद्ध गरी खेलकुद विकास कार्यक्रमहरुलाई एकद्वार प्रणाली मार्फत सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरीय खेलकुद, राष्ट्रपति रनिङ शिल्ड, गाउँपालिका स्तरीय, वडा स्तरीय, विद्यालय स्तरीय ,अन्तरपालिका खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लोप हुँदै गएका खेलहरुको संरक्षण गर्न पहल गरिनेछ।
- **"राष्ट्रपति रनिङ शिल्ड"** प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- खेलाडी उत्पादन गर्न, खेल सामाग्री व्यवस्थापन गर्न, खेलाडी यातायात र खेल सहभागिताका लागि आवश्यक बजेट वनियोज़न गरिनेछ।
- खेलाडीहरुलाई आवश्यकता अनुसार प्रशिक्षणको व्यवस्था मिलाईनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल क्षेत्रमा योगदान पुर्याएका खेलाडिहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- खुल्ला व्यायामशाला (Open Gym) निर्माण गरिनेछ।
- कुम्मायक खेलकुद विकास समिति बनाई खेलकुद क्षेत्रलाई प्रभावकारी बनाइनेछ।

बम प्रसाद लावती
अध्यक्ष

## ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित समुह

- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्यक्रमलाई जोड दिँदै महिला बालबालिकाका विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र भेदभाव न्यूनीकरण गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ।
- लक्षित समूह विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिका क्षेत्रभित्र बाल श्रम उन्मुलनमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम लाई निरन्तरता दिनुका साथै जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ।
- सामाजिक विकृतिका रुपमा रहेका जातिय छुवाछुत, दाइजो प्रथा, बाल बिवाह जस्ता सामाजिक कुसंस्कारहरुको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- महिला स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ।
- जेष्ठ नागरिक कोष स्थापना गरी सय वर्ष माथीका जेष्ठ नागरिकलाई सेवा पुऱ्याइनेछ।
- हिंसा पिडित महिला तथा वालवालिकाहरुको उचित संरक्षण गरिनेछ।
- सडक वालवालिकाहरुलाई समाजमा पुर्नःस्थापना गर्नको लागि निजी साजेदारीमा एक वालगृह सञ्चालन गरिनेछ।
- लागू औषध तथा मादक पदार्थ दुर्व्यसनी विरुद्ध जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नगारिक दिवश मनाउने कार्यक्रमलाई निरन्तरता दिनइनेछ।
- काममा लिङ्गको आधारमा भेदभाब गरिने छैन।

## ❖ पूर्वाधार बिकास क्षेत्रः

- सहभागितामूलक योजना छनौट प्रकृयाबाट छनौट भई आएका आयोजनाहरुलाई प्राथमिकताका आधारमा गाउँपालिका विकास आयोजनामा समावेश गरिनेछ। यसरी आयोजना समावेश गर्दा क्रमागत आयोजनाहरु र थौरै लगानीले धेरै प्रतिफल दिने आयोजनाहरुलाई आधार लिइनेछ।
- गरिबी न्यूनीकरणमा सहयोग पुग्ने स्वरोजगार सिर्जना हुने, रोजगारीका अवसरहरु बढ्ने, उत्पादनमूलक पूर्वाधारहरुको विकास निर्माणमा प्राथमिकताका साथ लगानी गरिने र लगानी वृद्धि गर्न निजी, सरकारी तथा गैर सरकारी क्षेत्र र अन्य विकास साझेदारीहरुसँग सहकार्य गरिने छ।
- अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री संरचनामा जोड दिइनेछ।

बर्म प्रसाद लाक्ती
अध्यक्ष

- आयोजना सञ्चालन गर्दा, आयोजना स्थलमा आयोजना सम्बन्धी जानकारी गराउने होर्डिङबोर्ड अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाइने छ ।
- कुम्मायक गाउँपालिकाले भू-उपयोग नीति, बस्ती विकास योजना, भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, एकीकृत बस्ती विकास योजना, भवन निर्माण आचार संहिता र गरिबी न्यूनीकरण जस्ता योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याउनेछ ।
- योजना विकास बैंक स्थापना गरी टोल तथा वडाहरुबाट छनौट भई आएका गाउँपालिका विकास योजनाहरु र वडा विकास योजनाहरुलाई समावेस गरी प्राथमिकताका आधारमा सञ्चालन गरिदै लगिनेछ।
- उत्कृष्ट उपभोक्ता समितिलाई उचित पुरस्कार सहित सम्मान गरिनेछ ।
- मेसिन प्रयोग हुने योजनाहरु ठेक्का मार्फत सञ्चालन गरिनेछ ।
- ठेक्कामा दिईदै आएको अग्रिम पेश्कीको हालको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- समयमा काम सम्पन्न नगर्ने ठेकदारलाई कालो सूचीमा राखिनेछ ।

**(क)स्थानीय सडक, पुल तथा पुलेसा सम्बन्धि नीति:**

- ड्रेन सहितको सडक निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका केन्द्र र वडाको केन्द्रहरु जोड्ने सडकहरु कालोपत्रे गर्दै लगिने छ ।
- सोलिङ सडक निर्माण कार्यलाइ निरुत्साहित गरी कालोपत्रे तथा ढलान सडक निर्माणमा जोड दिइनेछ । साथै हाल मर्मतसम्भार गर्नुपर्ने अवस्थामा रहेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- सडक सीमा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाइदै लगिनेछ ।
- गाउँपालिका भित्रका महत्वपूर्ण सडक खण्डहरु बजेट अभावको कारण हालसम्म निर्माण हुन नसकेका सडक आयोजनाहरु सम्पन्न गरिनेछन ।
- गाउँपालिका भित्रका पूर्वाधारहरु मर्मत गर्नकालागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।
- कुम्मायक गाउँपालिका केन्द्र यासोक बजारसँग वडा नं २ जोड्ने छोरुङ्गा खोला र चुम्लिङ आङ्ना सावाखोलामा मोटरेवल पुल निर्माण गर्न वर्षायाममा सवारी साधनहरुलाई सुरक्षित आवत जावत गर्नको लागि पक्की पुल निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ ।
- सडक बोर्ड नेपालसँग साझेदारी गरी पालिकाको मुख्य सडकहरुलाई स्तरोन्नति गरिनेछ ।
- सडक निर्माण मापदण्ड बनाई लागू गरिने छ ।

लम प्रसाद लावती
अध्यक्ष

- सडकहरुको सिमाको लगत कट्टा गर्ने कार्यलाई अगाडी बढाईने छ।
- पालिका स्तरीय सडक, ग्रामिण सडक र कृषि सडक छुट्याइदै लगिनेछ।
- नागरिक मैत्री सडक निर्माणमा जोड दिईनेछ।
- सडक हेरालु (RMG-Road Maintenance Group) राख्ने व्यवस्था गरी सडक मर्मतमा स्थानीयको सहभागितालाई अभिवृद्धि गरिनेछ।
- High Impact सामाजिक विकास प्ररियोजना कार्यक्रम संचालनको लागि पहल गरिनेछ।
- तमोर कोरीडोर सडकमा यात्रुहरुलाई सहज बनाउन र खासगरी ग्रामिण उत्पादनहरुलाई विक्री प्रोत्साहन गर्नको लागि ठाउँठाउमा विश्रामस्थल ( टहरा घर) बनाउनको निम्ति पहल गरिनेछ।
- आयोजना बैंकको स्थापनाको लागि कानूनि व्यवस्था मिलाइनेछ।

**ख) भवन तथा बस्ती बिकास:**

- कुम्मायक गाउँपालिकाले भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण आचार संहिताको तर्जुमा गरी सोही आधारमा भवन निर्माण इजाजत प्रदान गरिनेछ।
- गाउँपालिकाको स्थापना हुनु अगावै बनेका घरहरु तथा नक्सापास नगरी बनाइएका घरहरुको अभिलेखीकरण कार्य २०८२ सालको असोज मसान्त देखी पुर्ण रुपमा बन्द गरीनेछ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वियनमा ल्याइनेछ।
- गाउँपालिकाको क्षेत्रभित्र २०८२ श्रावाण १ गतेदेखि निर्माण गरिने सम्पुर्ण संरचनाहरु ईजाजात नलिई बनाएमा त्यस्तो संरचनाहरुको अभिलेखिकरणलाई बन्द गरिनेछ।
- कुम्मायक गाउँपालिका भित्रका मापडण्ड पुगेका सामुदायिक विद्यालयहरुको भवनहरुको आवश्यकताको आधारमा ह्युमन प्राक्टिस फाउण्डेशनसँग सहकार्य गरी निर्माण गरिदैं लगिनेछ।
- कुम्मायक गाउँपालिकाको प्रशासकीय भवन निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।
- अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधार संरचना निर्माणमा जोड दिइनेछ।
- भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई वस्ती विकास हुने क्षेत्रमा सडक, ढल, खानेपानी र विद्युत जस्ता सुविधाहरुको वृद्धि गर्न श्रोत परिचालन गरिनेछ।
- यासोक बजार क्षेत्र भित्र बसपर्क निर्माणकालागि आवश्यक जग्गा व्यवस्थापन गरिनेछ।
- यासोक बजार क्षेत्रमा रेलिङ निर्माणको कार्यलाइ अगाडी बडाईने छ।

- बजार क्षेत्रमा सडक पेटी (Drain cover) निर्माणको लागि स्थानीय सरोकारवाली पक्षहरुलाई पहल गरिनेछ।
- यासोक बजार क्षेत्र विपद्को दृष्टिकोणले जोखिम क्षेत्र भएकोले उच्च जोखिम क्षेत्रको संरक्षण गरिनेछ।
- निर्माण हुन बाँकी रहेक वडा कार्यालयहरुको प्रशासनीक भवन क्रमशः निर्माण गर्दै लगिनेछ।
- गाउँपालिकाको सबै वडाहरुमा फुसको छाना भएको घरहरुको जस्तापाताले बिस्थापन गरिदै लगिनेछ।
- गाउँपालिका भित्र विद्यमान रहेका गुम्बा, मठ मन्दिर, चर्च, माङ्हिम, मलामी पाटी, विश्रामलय, समाधीस्थल जस्ता धार्मीक तथा सांस्कृतिक स्थलहरुको भवन तथा अन्य संरचनाहरु निर्माण तथा मर्मतमा जोड दिईनेछ।
- गत आर्थिक वर्षको मनसुनको कारण आएको बाढिपहिरो र आगलागिले विस्थापित भएका घर परिवारको लागत सङ्कलन गरी पुननिर्माण र पुनःस्थापना गरिनेछ।
- खोपकेन्द्र निर्माण गर्न बाँकी रहेका वडाहरुमा आवश्यकताको आधारमा खोपकेन्द्रहरु स्थापना गरिनेछ।

**(ग) सिँचाइ विकास**

- कृषि योग्य जमीनको लागि सिचाँइको व्यवस्था गरी उत्पादकत्व बढाइनेछ।
- दिगो सिँचाइको व्यवस्था गर्नको लागि यस क्षेत्रको पानीको श्रोतहरु पहिचान गरी पैनी तथा कुलोको निर्माणमा जोड दिइनेछ।
- किसानलाई सिँचाइमा प्रयोग हुने यन्त्र उपकरणहरुमा अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ।
- सिँचाइको क्षमता वृद्दि गर्नको लागि आकाशे पानी संकलन, थोपा सिंचाइ प्रणाली अवलम्बन गरिनेछ।
- हरेक वडामा एक एक सिँचाई पोखरी निर्माण गरिदै लगिनेछ।
- सिँचाइको उच्च संभावना भएको स्थानमा सतह सिँचाई प्रणाली विस्तार गर्दै पानी संचयका लागि पुनर्भरण पोखरी र ताल निर्माण गर्ने र अन्तर जलाशय स्थानान्तरण योजना अघि बढाउने।
- थोपा सिँचाई, स्प्रिङ्कल-सिँचाई प्रवर्द्धनमा जोड दिइनेछ।

बम प्रसाद लोवती
अध्यक्ष

(घ)विद्युत तथा बैकल्पिक उर्जा सम्बन्धी नीतिः

- गाउँपालिकाको सवै वडा र टोलहरुमा विस्तार भएको केन्द्रिय प्रशारण लाइनको स्वच्छ उर्जाको खपत वृद्धि गरी स्वच्छ वातावरण कायमं गरिनेछ।
- कुम्मायक गाउँपालिकाको केही स्थानहरुमा तिव्र गतिमा हावाको बेग चल्ने स्थानहरुमा Kinetic Energy of wind into Electrical Energy लाई सम्भाव्यता अध्ययन गरिनेछ।
- नविकरणीय उर्जा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- बायो ग्याँस र विद्युतिय चुलोको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाको अधिकांस क्षेत्रमा विस्तार भएको नाङगो विद्युत तारलाई विस्थापन गर्दै इन्सुलेटेड तार प्रयोग बढाउँदै लगिनेछ।
- गाउँपालिका भरिका विद्युत सहकारीहरुलाई नेपाल विद्युत प्राधिकरणमा समायोजन गर्ने कार्य अगाडि बडाइनेछ।

**(ङ) सूचना सन्चार र प्रविधि सम्बन्धी नीतिः-**

- इनटरनेटको माध्यमबाट सेवा प्रवाहलाई जोडि सार्वजनीक निकायमा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन फाइवर नेट प्रणाली जडानलाई वडा वडामा बिस्तार गरिदै लगिनेछ।
- कुम्मायक गाउँपालिकाको कार्यलय तथा वडा कार्यलयबाट सञ्चालन गरिने विभिन्न क्रियाकलापहरु ऐन, नियम, नीति, कार्यविधि, कार्यादेश, निर्देशिका, सूचना तथा आयोजनाको विवरण सम्बन्धित सबैको जानकारीको लागि वेवसाइटमा राखिनेछ।
- कुम्मायक गाउँपालिकाका नागरिकहरुलाई सु-सूचित गर्नकालागि **"गाउँ सूचना केन्द्र"** स्थापना गरिनेछ।
- दर्ता चलानीलाई व्यवस्थित गर्नका लागि प्रविधि मैत्रि बनाईनेछ।

**(च) खानेपानी तथा सरसफाई**

- कुम्मायक गाउँपालिका भित्र प्लाष्टिकको झोला प्रयोगलाई निरुत्साहित गरिनेछ।
- स्वच्छ एवं गुणस्तरीय खानेपानीको दिगो व्यवस्थापनको लागि अन्तरपालिका सहकार्यमा **"कुम्मायक गौरव खानेपानी आयोजना"** सञ्चालनका लागि पहल गरिनेछ।
- सञ्चालनमा रहेका खानेपानी ट्याङ्कीहरुको मर्मत तथा सम्भार गरी गाउँपालिकावासीहरुमा स्वच्छ खानेपानीको पहुँचमा अभिवृद्धि गर्दै लगिनेछ।
- **"डम्पिङ साइट"** निर्माण कार्य अगाडी बडाइनेछ।
- Dustbin को व्यवस्था गरी फोहोरमैला उत्पादन बिन्दुमै कुहिने र नकुहिने फोहोर छुट्याउन लगाई फोहोरमैला उठाउने व्यवस्था मिलाईने छ।

बम प्रसाद लावती
अध्यक्ष

- लोप भएका तथा हुन लागेका पानीका श्रोतहरु जस्तै कुवा, पोखरी, मुल ढुङ्गे धारा आदिको संरक्षण र उत्खन्न गरिनेछ।
- सांस्कृतिकयुक्त ढुङ्गे धारा निर्माण गरिनेछ।
- तमोर लिफ्टिङ्ग खाने पानी आयोजनालाई समय सापेक्ष सुधार तथा मर्मत सँभारमा सहयोग गरी स्वच्छ खानेपानीको पहुँच अभिवृद्धी गरिनेछ।
- खानेपानीको लागि **"डिप बोरिङ्गको"** व्यवस्था मिलाईनेछ।
- कुम्मायक बासी आम नागरिकहरुले शुद्ध खानेपानी उपभोग गर्न खानेपानीको गुणस्तर परिक्षण गर्ने व्यवस्था मिलाउने नीति ल्याइनेछ।

## ❖ वन, वातावरण, जलवायु तथा विपद् व्यवस्थापन

### (क) वन

- सामुदायिक वन व्यवस्थापन मार्फत् वन नर्सरी, कृषि वन र वनजन्य उद्यम विकासमा जोड दिइनेछ।
- वन्यजन्तु र त्यसको वासस्थान तथा दुर्लभ वनस्पतीको संरक्षण गरिनेछ।
- **"मानव-वन्यजन्तु द्वन्द"** न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराधिक गतिविधिलाई निरुत्साहित गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध व्यक्तिहरुको लागि जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार समुदायिक वन उपभोक्ताले गाउँपालिकालाई बुझाउनु पर्ने रकम बुझाउने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्र भित्र बगैँचा हरियाली बिस्तार गरिनेछ।
- वनसँग सम्बन्धित ऐन नियमहरु बनाई कार्यान्वयन गर्दै लगिनेछ।
- लोपउन्मुख वन्यजन्तु र पंछीहरु(मयुर) को संरक्षणमा जोड दिइनेछ।
- जङ्गलभित्रको खाली जमिनमा फलफुलका विरूवाहरु रोपिनेछ।
- सामुदायिक वनलाई व्यवस्थित गरी वन जन्य उद्योग स्थापनामा जोड दिइनेछ।

### (ख) वातावरण तथा जलवायु पारिवर्तन

- जलवायू परिवर्तनको प्रभाव न्यूनीकरण गर्न गैर सरकारी संस्था, निजी क्षेत्र एवं विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायू परिवर्तन अनुकूलनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

- जलवायू परिवर्तन न्यूनीकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकासमा सहयोग पुग्ने कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गरिनेछ।
- जल, वायु, माटो, ध्वनी तथा विद्युतिय लगायत सबै प्रकारका प्रदुषण रोकथाम र नियन्त्रण गर्दै लगिनेछ।
- कृषिजन्य विषाधिको प्रयोग न्युनीकरण गरिदै लगिनेछ।
- सफा, स्वच्छ र हरित पालिकाको निर्माण गरिनेछ।
- KTK-BELT INN संगको सहकार्यमा समुदायमा आधारित जैविक विविधता तथा मौलिक सम्पदाको संरक्षण र वातावरणमैत्री दिगो जीविकोपार्जन कार्यक्रम संचालन गरिनेछ।

**(ग) विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापन कोषमा बजेट व्यवस्थापन गरी विपद् जोखिम न्युनीकरणका कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत सञ्चालन गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि वृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सवल र उत्थानशील बनाइनेछ।
- विपद् जोखिम न्यूनीकरण योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीतालाई प्राथमिकतामा राखिनेछ।
- विपद् प्रतिकार्य योजनालाई कार्यान्वयन गर्दै विपद् पूर्व तयारीका लागी आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ।
- शिक्षा, स्वास्थ्य, कृषी, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी तथा सरसफाई लगायतका पूर्वधारमा पर्नसक्ने विपद् जोखिमका प्रभाव सम्बन्धमा विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गरी प्रचारप्रसार गरिनेछ।
- जल उत्पन्न प्रकोप र विपद् जोखिमको सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण बन्दो बस्तीका सामाग्री र दक्ष जनशक्तिको विकास गरिनेछ।
- **"स्थानिय आपतकालिन सेवा सन्चालन केन्द्रको"** (Local Emergency Operating Center, LEOC) स्थापना गरी वडा-वडामा समेत प्रभावकारी तरिकाले विपद् पूर्वतयारी र प्रतिकार्य गरिनेछ।
- आगोलागी न्युनीकरणका लागि सिमाना जोडिएका पालिकाहरुको संयूक्त लगानिमा दमकलको व्यवस्था गर्नको लागि समन्वय र सहकार्य गरिनेछ।
- यासोक बजारमा खानेपानीको पाइपसँग समानान्तर हुनेगरी विपद् पाइपको व्यवस्था गरी आगलागी नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।
- प्रत्येक वडाको सुख्खा क्षेत्र पहिचान गरी प्लाष्टिक पोखरी र पोलि ट्याङ्कको व्यवस्था गरिनेछ।


बम प्रसाद लावती
अध्यक्ष

❖ भु-संरक्षण तथा जलाधार संरक्षण

- जैविक विविधता, जलाधारको दिगो विकासका लागि जन-सहभागितामूलक व्यवस्थापनमा जोड दिइनेछ।
- ताल, तलैया र सिमसार क्षेत्रको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धनसँग आवद्ध गरिनेछ।
- जल, कृषि, वन व्यवस्थापनका कार्यक्रमलाई समेटेर एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याइनेछ।
- भूक्षय, बाढी, पहिरो नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधि समेतको प्रयोग गरी योजनाहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

❖ **सार्वजनिक सेवा तथा क्षमता विकासः**

**(क) सामान्य प्रशासन तथा सुशासन प्रवद्धनः-**

- कुम्मायक गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्दा पारदर्शी, जवाफदेहिता, मितव्ययी, नियमसङ्गत र सहभागितामूलक प्रकृया अवलम्बन गरिनेछ। यसका लागि सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकिकरण, सार्वजनिक तथा लेखा परिक्षण र चौमासिक समिक्षा आदि विधिहरु अपनाईनेछ।
- गाउँपालिका तथा वडाबाट प्रदान गरिने सेवाहरुको जानकारीको लागि नागरिक वडा पत्र (Citizen Charter) तथा सेवाग्राहीहरुलाई आवश्यक सूचना प्रवाह र सहयोग पुऱ्याउने सहायता कक्ष (Help Desk) को व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउन गुनासो पेटिका, गुनासो सुनुवाईको व्यवस्था र सूचना अधिकारीको व्यवस्थालाई निरन्तरता गरिनेछ।
- गाउँपालिकावासीलाई छिटो र सर्वसुलभ सेवा प्रदान गर्नका लागि आवश्यकता अनुसार घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ।
- उपभोक्ताबाट सञ्चालन हुने आयोजनाहरुमा शून्य पेश्कीको अवधारणालाई निरन्तरता दिइनेछ।
- विद्युतिय सुशासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- गाउँपालिकाको काम कारवाहीलाई खुल्ला, पारदर्शी, प्रभाकारी, दिगो र परिणाममुखी बनाउन मुस्कान सहितको सेवा प्रवाह गरिनेछ।
- भ्रष्टचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ।
- सेवा प्रवाहमा पुरस्कर र दण्डको सिद्धान्त लागु गरिनेछ।
- सङ्गठन-व्यवस्थापन (organization and management) लाई समय सापेक्ष सुधार गर्दै लगिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

- जनप्रतिनिधिहरुको कार्यमुल्याङ्कनको आधारमा उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधिलाई सेवा पदकले सम्मान गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयको डिजिटल प्रोपाइल निर्माण गरिनेछ।
- पारदर्शीता प्रबर्द्धनका लागि राजपत्र अनिवार्य रुपमा प्रकाशन गरिनेछ।

### ❖ सुरक्षा व्यवस्थापन

यासोक बजारमा रहेको ईलाका प्रहरी कार्यलयलाई स्तरोन्नति गर्नका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

- गाउँपालिका क्षेत्रका बजारहरुमा आवश्यकता अनुसार सि.सि. क्यामराको जडान, मर्मत र संभार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको सुरक्षा, राजश्व सुधार, विपद् व्यवस्थापन, हाट बजारको व्यवस्थापन र फोहोरमैला व्यवसथापन आदी कामलाई सहज बनाउनका लागि नगर प्रहरी राख्ने व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकावासीलाई सुरक्षाको प्रत्याभुती गराउन प्रहरीको पहुँच नपुगेका वडाहरुमा प्रहरी कार्यालय स्थापनाको लागि पहल गरिनेछ ।
- नागरिकको सुरक्षाको लागि आवश्यकता अनुसार प्रहरी बिटको व्यवस्था गरिनेछ ।
- तमोर कोरिडोरको भुल्केमा राखिएको अस्थायी प्रहरी पोष्टलाई स्थायी प्रहरी चौकीका रुपमा रुपान्तरण गर्नकालागि आवश्यक पहल गरिनेछ ।
- कुम्मायक वडा नं ३ मा सशस्त्र प्रहरी बल राख्नको लागि पहल गरिनेछ ।

### ❖ सामाजिक सुरक्षा तथा पञ्जिकरण

- नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र सहज रुपमा उपलब्ध गराउन गाउँपालिकामा आवश्यक उपकरण जडान गरी वितरण गरिनेछ ।
- प्रत्येक वडमा सामाजिक सुरक्षा सेवा प्रवाभकारी बनाउन वायोमेट्रिक प्रणालीमारफत नविकरण र दर्ता गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वडा र पायक पर्ने स्थानबाट सहज रुपमा प्रदान गरिनेछ ।
- नागरिकहरुलाई ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गर्नुपर्ने कानूनी प्रावधनबारे जानकारी दिन घटना दर्ता र सामाजिक सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । यस क्रममा घटना दर्ता सप्ताह मनाइनेछ, प्रत्येक वडामा घुम्ती शिविर सञ्चालन गरिनेछ र घटना दर्ता तथा सामाजिक सुरक्षा विवरण अद्यावधिक (नविकरण) गरिनेछ ।
- सामाजिक सुरक्षा र घटना दर्तासम्बन्धी गुनासोहरुको प्रभावकारी व्यवस्थापन र समाधानका लागि नागरिक गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ ।

बर्म प्रसाद. लावती
अध्यक्ष

- पञ्जिकरण र सामाजिक सुरक्षालाई व्यवस्थित गर्न तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरुको समन्वयमा विद्यार्थीहरुलाई घटना दर्ता र सामाजिक सुरक्षाको बारेमा चेतना अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षाको नियमित बैठक बसि अनुगमन र समन्वय गरी पञ्जिकरण तथा सामाजिक सुरक्षाको कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ।
- रातो कार्ड र ८० वर्ष देखि माथिका नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरमै गएर वितरण गरिनेछ।

### ❖ स्थानिय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन

- स्थानीय अभिलेख व्यवस्थापनका लागि एक कार्य नीति बनाई कार्यान्वयनमा ल्याइनेछ।
- सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पुल, पसल, व्यवसायहरुको विवरण सङ्कलन तथा अध्यावधिक अभिलेखिकरण गरिनेछ।
- स्थानीय तथ्याङ्कको सरल र सहज व्यवस्थापनको लागि Digital Profile बनाइनेछ।
- जनसंख्या, प्राकृतिक, आर्थिक, सामाजिक, भौतिक, पूर्वाधार आदिको तथ्याङ्क सङ्कलन गरिनेछ।
- रोजगारिको अवस्था, कुल गार्हस्थ्य उत्पादन ,मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचाङ्क, राजश्व तथा आय-व्यय समेतको तथ्याङ्क सङ्कलन गरिनेछ। उक्त सङ्कलित तथ्याङ्कलाई सूचना प्रणालिमा आवद्ध गरिनेछ।

### ❖ क्षमता विकास

- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन क्षमता विकास योजना (Capacity Development Plan) तर्जुमा गरी क्षमता विकास कार्यक्रम लागु गरिनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई सेवाग्राहीमैत्री एवं डिजिटलमैत्री बनाइदै लगिनेछ।
- टोल विकास संस्था गठन गरी पदाधिकारीहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरी गाउँपालिकाको विकासमा टोल विकास संस्थाहरुलाई क्रियाशील गराइनेछ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धिका लागि उपभोक्ता अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्रका उद्यमशिल युवा जनशक्तिहरुको लागि थप क्षमता अभिवृद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

❖ राजश्वसम्बन्धी

- राजश्वका श्रोतको दायरा फराकिलो बनाइनेछ।
- राजश्व प्रशासनलाई प्रभावकारी बनाइनेछ।
- राजश्व असुलीलाई प्रभावकारी बनाउने विद्युतीय प्रणालिको प्रयोग गरिनेछ।
- करदाताहरुसँग राजश्व परिचालन सम्बन्धी अन्तरकृया तथा छलफल कार्यक्रम गरिनेछ।
- करदाताहरुलाई करको दायरामा आउन प्रोत्साहन गरिनेछ।
- गाउँपालिका भित्रंका उत्कृष्ट करदातालाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।
- कर तथा राजश्वसँग सम्बन्धित थप ऐन कानून तर्जुमा गरी लागू गरिनेछ ।
- राजस्व अभिबृद्धिका लागि राजस्व शिक्षा र कर सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ।
- राजस्व चुहावटका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि आवश्यक पहलकदमी चालिनेछ।
- राजस्व सङ्कलनका लागि आवश्यक संरचना र जनशक्तिको क्षमता विकास गरिनेछ।
- राजस्वको स्रोत सम्भाब्यता अध्ययन गरिनेछ।

❖ रोजगार सम्बन्धी

- गरिबी, बेरोजगारि र रोजगार प्रदायक क्षेत्रको तथ्याङ्क, सूचना सङ्कलन्, समन्वय र बेरोजगारी न्यूनीकरण गर्नका लागि रोजगारीका अवसरहरुको पहिचान गरी रोजगार सेवा केन्द्रलाई सेवामुखी बनाईनेछ।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई आवश्यक परामर्श, श्रम स्वीकृति, पुनः श्रम स्वीकृति कार्यको लागि सहजीकरणको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकामा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय श्रमबजारको मागको आधारमा सीप विकास सम्बन्धी तालिम प्रदान गरी रोजगारिमा पदस्थापन गर्दै लगिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सम्बन्धी कार्यक्रमहरु साझेदारीमा समेत सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र क्षमता उपयोग हुने कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन गरिनेछ।

❖ न्यायीक समिति:

- न्यायीक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति ल्याइनेछ।

बम प्रसाद लावती
अध्यक्ष

- समितिका पदाधिकारी तथा कर्मचारीहरुको बिषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। साथै वडा-वडामा न्याय सम्पादन र कानूनी प्रक्रियाका वारेमा जानकारी गराइनेछ।
- न्यायीक सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक परामर्श सेवाको व्यवस्थापन गरिनेछ।
- न्यायीक समितिका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासको लागि अन्तर जिल्ला स्तरीय अनुगमन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यायीक कार्यसम्पादन सम्बन्धी जिल्ला स्तरीय सञ्जाल गठन गर्ने अन्य पालिकाहरुसँग समन्वय गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

उपरोक्त अनुसार मैले प्रस्तावित आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट ***"सामाजिक, आर्थिक विकासको पूर्वाधार, समृद्ध कुम्मायकको आधार"*** निर्माण भई नेपाल र नेपालीको सुख र समृद्धिको आकाङ्क्षा पूरा भई राष्ट्र विकासमा सकारात्मक योगदान पुग्ने छ भन्ने विश्वास लिएको छु। उपरोक्त नीति अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा गाउँपालिका भित्रका आम नागरिक, राजनीतिक दल, बुद्धिजिवी, पेशाकर्मी, समाजसेवी, सुरक्षा निकाय, संचारकर्मीहरुको रचनात्मक सहयोग र सुझाबको पूर्ण अपेक्षा गर्दछु। अन्तमा हामीले प्राप्त गरेको उपलब्धिहरुलाई संरक्षण तथा संस्थागत गर्दै गाउँपालिकालाई विकास तथा समृद्धि तर्फ लैजाने हाम्रो लक्ष्य तथा उद्देश्यलाई सफल बनाउन सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघ संस्थाहरु, स्थानीय राजनीतिक दल, जनप्रतिनिधिज्यूहरु, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज, आम संचार जगत तथा कर्मचारीहरु लगायत सम्पूर्ण गाउँपालिकावासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

**जय कुम्मायक**

**धन्यवाद !**

**मिति: २०८२/०३/१०**

..........................

(वम प्रसाद लावती)

**अध्यक्ष**